**अवधारणा** AWADHARANA
[ A Peer-Reviewed, Open Access Journal ]
ISSN : 2505-080x (Print)
Volume 8, September 2024
Published by Creative Democrat Academy

# ज्वरशमना प्रकृतिमा ज्वरोको निदान र उन्मोचन

**बोधराज ढकाल, विद्यावारिधि**

**उपप्राध्यापक, पृथ्वीनारायण क्याम्पस, पोखरा**

*Article History : Submitted 19 April 2024; Reviewed 3 June 2024; Accepted 11 July 2024*
*Author : Bodha Raj Dhakal Email : bodharajdhakal026@gmail.com*

**लेखसार**

प्रस्तुत ज्वरशमना प्रकृति कवितामा ज्वरोको निदान र उन्मोचन शीर्षकको अनुसन्धानमूलक लेख पूर्वीय दर्शनको उन्मोचनसँग सम्बन्धित सिद्धान्तमा सापेक्षित रहेको छ । विशेष गरी कवितामा प्रस्तुत ज्वरोको निदान गरी त्यसबाट उन्मोचन हुने उपायको निरूपण गर्नु यस लेखको उद्देश्य रहेको छ । लेखमा विशेषतः मानसिक ज्वरोको कारण अविद्याचेत हो र यसबाट उन्मोचन हुने उपाय तत्त्वज्ञान नै हो भन्ने निष्कर्ष रहेको छ । लेखमा प्रस्तुत विश्लेषणीय प्राज्ञिक विषयहरू गुणात्मक अध्ययन पद्धतिमा आधारित भएर प्रस्तुत गरिएको छ । अध्ययनमा सोद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा कविता चयन गरी यसलाई उन्मोचनसँग सम्बन्धित सिद्धान्तका आलोकमा विश्लेषण गरिएको छ । सामग्री सङ्कलन पुस्तकालयीय कार्यका आधारमा गरिएको र प्राथमिक स्रोतका सामग्रीका रूपमा विवेच्य कवितालाई लिइएको छ भने द्वितीय स्रोतका सामग्रीका रूपमा अद्वैत वेदान्त दर्शनको उन्मोचनसँग सम्बन्धित ग्रन्थहरू, लेखहरू, अनुन्धानात्मक कृतिहरू एवम् समालोचनात्मक कृतिहरू रहेका छन् । विश्लेषणमा ज्वरोको निदान र उन्मोचनलाई केन्द्रमा राखिएको छ । कवितामा प्रस्तुत प्रकृतिमा उत्पन्न ज्वरो वा गर्मी, जीवमा हुने दैहिक ज्वरो र आत्मिक ज्वरोको चर्चा गरिएको छ । प्राकृतिक गृष्मको ज्वरो वर्षाले, दैहिक ज्वरो औषधीले शमन गरेजस्तै आत्मिक ज्वरो पराविद्यामार्फत दिव्य स्पर्शयुक्त उपचारिका प्रकृतिको काखमा गएर प्राप्त गरेको तत्त्वज्ञानले निको पार्दछ । सांसारिक विषयमोहले मानसिक ज्वरो उत्पन्न गराएको र देहात्मबुद्धिले विषयवासनाप्रति आसक्त गराउँदा मानिस बन्धनमा परी दुःख पाएको छ । यसबाट पार पाउन मानिसले आत्मज्ञानबाट अविद्या निवृत्ति भएपछि मात्र उन्मोचन प्राप्त गर्दछ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

***विशेष शब्दहरू*** : उन्मोचन, दिव्यस्पर्श, निदान, पराविद्या, महाज्वर

## विषय परिचय

लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६) ले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन्। कवि, निबन्धकार, नाटककार, उपन्यासकार, कथाकार, समीक्षक, सम्पादक एवम् राजनैतिक (सामाजिक) व्यक्तित्वका रूपमा आफूलाई स्थापित गराएका देवकोटाको पहिलो प्रकाशित कविता वि.सं. १९९१ मा

गोरखापत्रमा प्रकाशित पूर्णिमाको जलधि हो । फुटकर कवितादेखि महाकाव्यस्तरसम्म सृजना गरेका देवकोटाका दर्जनौँ कवितासङ्ग्रहहरू प्रकाशित छन् । नेपाली कविताको स्वच्छन्दवादी धाराका प्रवर्तक, सम्बर्द्धक र विस्तारक देवकोटा यस धाराका केन्द्रीय प्रतिभा हुन् । उनका कवितामा सहज कवित्व प्रवाह (प्राकृत प्रवाह), भावावेगको द्रुत अभिव्यक्ति, निर्भर आशुलेखन प्रवाह एवम् छायावादी भावको मेल भेटिन्छ (उपाध्याय, २०४९, पृ. ३३५) । पि.भि.शेली र हिन्दी छायावादी कवि सुमित्रानन्दन पन्त, जयशङ्कर प्रसाद र सूर्यकान्त त्रिपाठी 'निराला' को प्रभाव भेटिने देवकोटा निरालासँग बढी नजिक रहेका छन् (जोशी, २०५४, पृ. २६) । प्रकृतिको मन्मय चित्रण गर्दै प्रकृति र मानव बीचको सम्बन्ध प्रस्तुत गरेका छन् । देवकोटाले प्रकृतिलाई रहस्यमय ईश्वरीय चेतना एवम् दिव्यताको प्रेरक स्रोतका रूपमा लिएर आध्यात्मिक चिन्तनलाई सचेत रूपमा चित्रण गरेका छन् । आध्यात्मिक मूल्य मान्यताप्रति झुकाव राख्दै देवकोटाले कवितामा पूर्वीय सभ्यता र संस्कृतिप्रति आस्था देखाउँदै प्रकृति, ईश्वर र मानवताको मेल गराएर मानवतावादी आदर्श व्यक्त गरेका छन् (चापागाई, २०५१, पृ. १४५) । सांसारिक जीवनका विविध पक्षहरूलाई पर्गेल्दै आध्यात्मिक चिन्तनको मूल्यलाई सापेक्षित गराएर कवितामा प्रस्तुत गराएका छन् । ज्वरशमना प्रकृति कवितामा पूर्वीय आध्यात्मिक चेत प्रस्तुत गरिएको छ (त्रिपाठी, न्यौपाने र सुवेदी, २०४६, पृ. १०८) । देवकोटाको ज्वरशमना प्रकृति कवितामा  सांसारिक ज्वरोको पहिचान गर्दै यसबाट मोचन हुने उपायको चर्चा गरिएको छ । देवकोटाले कवितामा व्यक्त गरेको आध्यात्मिक चिन्तनको उन्मोचन भाव र अविद्याका कारण मानिस सांसारिकतालाई नै सम्पूर्ण सुखको आधार मान्दै यसैमा भौँतारिएको जीवनलाई यथार्थपरक रूपमा प्रस्तुत गरेका छन् ।

**अध्ययनको समस्या तथा उद्देश्य**

प्रस्तुत अनुसन्धानात्मक लेख देवकोटाद्वारा लिखित ज्वरशमना प्रकृति कवितामा ज्वरोको निदान गर्दै त्यसबाट कसरी उन्मोचन हुन सकिन्छ भन्ने मुख्य समस्यामा केन्द्रित भएर तयार गरिएको छ । यस कवितालाई अध्यात्म दर्शनको उन्मोचनसँग सम्बन्धित मान्यताका आधारमा विश्लेषण गरी निष्कर्षमा पुऱ्याउनु यस लेखको उद्देश्य रहेको छ ।

**पूर्वकार्यको समीक्षा**

लक्ष्मीप्रसाद देवकोटा र उनका विभिन्न फुटकर कविताका सन्दर्भमा विभिन्न समालोचनात्मक अध्ययन र विश्लेषणहरू  भएका छन् । ज्वरशमना प्रकृति कविताको अद्वैत वेदान्त दर्शनका मूलभूत मान्यताका आधारमा सविस्तार विवेचन नगरिए पनि देवकोटा र उनका कतिपय कविताहरू पूर्वीय आस्तिक दर्शनसँग सापेक्षित रहेका भनेर अध्ययन र विश्लेषणहरूमा उल्लेख गरिएको छ । 'महाकवि देवकोटाका कृतिहरूमा अध्यात्म दर्शन' शीर्षकको लेखमा शिवगोपाल रिसाल (२०२५) ले देवकोटालाई दर्शनको कसीमा राखेर हेर्दा कुनै पनि शङ्काउपशङ्का गर्नुपर्ने ठाउँ नभएको उल्लेख गरेका छन् । महाकवि देवकोटा र उनका महाकाव्य पुस्तकमा कुमारबहादुर जोशी (२०३१) ले देवकोटाको काव्यरचनाको ऐतिहासिक सन्दर्भमा आर्थिक, राजनीतिक एवम् सामाजिक पक्षका बारेमा चर्चा गर्दै देवकोटाका काव्यमा पूर्वीय जीवन दर्शन पनि प्रस्तुत भएको उल्लेख गरेका छन् । नेपाली साहित्यका केही पृष्ठ पुस्तकमा दयाराम श्रेष्ठ (२०४८) ले देवकोटाका काव्यकृतिहरूमा सांस्कृतिक, सामाजिक, दार्शनिक एवम् राजनीतिक मूल्यहरू अभिव्यक्त भएको उल्लेख गरेका छन् । 'मुनामदनको सांस्कृतिक अध्ययन' लेखमा राजन भट्टराई (२०६६) ले देवकोटाका काव्यमा मानवता र आदर्शको सम्मिलन पाइने र हिन्दु आध्यात्मिक दर्शनको उपयोग गर्दै मुनामदनमा सांस्कृतिक अध्ययन

गरेको उल्लेख गरेका छन् । 'लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यात्मक वैचारिक धरातल' लेखमा महादेव अवस्थी (२०६७) ले देवकोटा धनवादी / भौतिकवादी विचारका विरूद्ध मानवतावादी र आत्मवादी विचारको समर्थन गर्दै आफ्नो धारणा प्रस्तुत गरेका छन् । दर्शन दिग्दर्शन नामक पुस्तकमा राहुल सांकृत्यायन (सन् १९९२)ले भारतीय दर्शनअन्तर्गत अद्वैत वेदान्त दर्शनका मान्यताहरू ब्रह्म, जीव, जगत्, ईश्वर, अविद्या, माया आदिका सन्दर्भमा विस्तृत व्याख्या गरेका छन् । रामानन्द गिरि (२०५५) को विद्यावारिधि शोध ग्रन्थमा आधारित जनक दर्शन पुस्तक र हरिकृष्णदास गोयन्दका (सन् २००९) को वेदान्त दर्शन (ब्रह्मसूत्र) (साधारणभाषाटीकासहित) पुस्तकमा अद्वैत वेदान्त दर्शनका मान्यताहरू ब्रह्म, परब्रह्म, परमात्मा, ब्रह्मविद्या, जीव, जगत्, माया, ईश्वर, ब्रह्मलोकका सन्दर्भमा व्यापक व्याख्या गरिएको छ । चन्द्रधर शर्मा (सन् २०१०)ले भारतीय दर्शन आलोचना और अनुशीलन पुस्तकमा वेद, उपनिषद्, भगवद्गीतालगायत भारतीय दर्शनका साथै अद्वैत वेदान्त दर्शनका मूल्य मान्यताहरूको विस्तृत चर्चा गरेका छन् । समग्रमा प्रस्तुत पूर्वकार्यहरूको अध्ययन गर्दा देवकोटाका काव्यकृतिमा पूर्वीय दर्शनको प्रभाव परेको देखिन्छ तर कहाँ कसरी प्रभाव परेको छ ? त्यसको विस्तृत व्याख्या एवम् विश्लेषण भने गरिएको देखिँदैन । त्यसैले प्रस्तुत पूर्वकार्यहरूको अध्ययनबाट यस अनुसन्धानात्मक लेखमा प्रस्तुत समस्याको निराकरण गर्न सहयोग पुग्ने देखिन्छ ।

**अध्ययनको सीमा**

प्रस्तुत अनुसन्धानात्मक अध्ययन लक्ष्मीप्रसाद देवकोटाको ज्वरशमना प्रकृति कवितामा प्रस्तुत अविद्याका कारण सांसारिक बनेको जीवमा देखिएको ज्वरो र यसबाट निवृत्त भएर कसरी उन्मोचन प्राप्त गर्न सकिन्छ भन्ने अद्वैत वेदान्त दर्शनसँग सम्बधित चिन्तनको विश्लेषणमा आधारित छ । यस लेखमा पूर्वीय आस्तिक दर्शनअन्तर्गत अद्वैत दर्शनको उन्मोचनसँग सम्बन्धित चिन्तनहरू बाहेकका अन्य दार्शनिक मान्यताहरू र ज्वरशमना प्रकृति कविता बाहेकका अन्य कविताहरू प्रस्तुत अध्ययनका सीमा रहेका छन् ।

**सैद्धान्तिक पर्याधार**

पूर्वीय दर्शनहरूमध्ये वेदान्त दर्शन महत्त्वपूर्ण दर्शन हो । यसलाई वेदको निचोड मानिन्छ । यसमा वेदमा रहेका दार्शनिक विचारहरूलाई सूत्रात्मक रूपमा प्रस्तुत गरिएको छ । वेदको चरम सिद्धान्तको निदर्शन गरिएको हुनाले यस दर्शनलाई वेदान्त दर्शन भनिएको हो (गोयन्दका, सन् २००९, पृ. ३) । वेदान्तमा उपनिषद्हरूको समन्वयका साथै उपनिषद् विरोधी मतहरूको खण्डन गरिएको छ । वेदान्त दर्शन उपनिषद्, ब्रह्मसूत्र र गीता (प्रस्थानत्रयी) मा आधारित छ । भाष्यका आधारमा अध्ययन गर्दा वेदान्त दर्शनका विभिन्न सम्प्रदायहरूमध्ये अद्वैत चिन्तन चर्चित छ । आध्यात्मिक गहिराइ र धार्मिक शक्तिमा शङ्करको दर्शन अद्वितीय छ (चालिसे, २०६९, पृ. ३५) । यसमा महान् कल्पनात्मक साहस र तार्किक सूक्ष्मता पाइन्छ । विशिष्ट तार्किक चिन्तन यसमा प्रस्तुत भएको पाइन्छ । यस दर्शनमा ब्रह्मलाई संसारको सृष्टिकर्ता, पालनकर्ता, संहारकर्ता, सर्वव्यापी र सर्वान्तर्यामीका रूपमा लिएको छ । यसले ब्रह्मबाहेक अरू कुनैको सत्ता स्वीकार गर्दैन । शङ्करले प्रस्तुत गरेको चतुःसूत्र अद्वैत दर्शनको मूल विषय 'ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः (अन्जना, सन् २००६, पृ. ५६) अर्थात् ब्रह्म नै सत्य हो, जगत् मिथ्या हो, जीव नै ब्रह्म हो र ब्रह्मबाट भिन्न छैन (शर्मा, सन् २०१०, पृ. २३९) भन्ने सिद्धान्त नै अद्वैतवाद हो । ब्रह्मको मायासँग सम्पर्क हुँदा सम्पूर्ण जगत् उत्पत्ति भएको भान हुन्छ । जसरी समुद्रको पानीबाट तरङ्गहरू तरङ्गित हुँदा बेग्लै अस्तित्व लाग्दछ, त्यसै गरी संसारको अस्तित्व पनि भ्रमबाटै भान भएको हो । समुद्रको पानीभन्दा

बाहेक ती तरङ्गको अस्तित्व नभएजस्तै ब्रह्मभन्दा बाहेक अरूको पनि अस्तित्व छैन । यसले अन्तिम सत्यका रूपमा ब्रह्म मात्र एक रहेको र संसारका सबै वस्तु असत्य मान्दै ब्रह्म मात्र सत्य मानेको हुनाले शङ्करको यो मतलाई अद्वैतवाद भनेर चिनिन्छ (सिंह एवम् सिंह, सन् २०१२, पृ. ४६७) । आत्म साक्षात्कार बाट ब्रह्मज्ञान प्राप्त भएपछि मोक्ष प्राप्त हुन्छ भन्ने यसको मान्यता रहेको छ । अविद्या या अज्ञानले गर्दा द्वैतभाव आएको र यसले मानिसमा बन्धन उत्पन्न गराई दुःखसुखको अनुभव भएको हो भन्ने यसको मान्यता छ । जब जीव र ब्रह्मको भेद हट्छ, त्यसपछि बन्धनको अन्त भई मोक्षानुभूति हुन्छ (सिन्हा, सन् १९९६, पृ. ३१४) । ब्रह्मलाई चिन्दा अज्ञान हट्छ र द्वैतभाव नै समाप्त हुन्छ । ब्रह्मज्ञानपछि मात्र आनन्दानुभूति हुन्छ । अविद्याको अन्त्य अथवा ब्रह्मज्ञानको अवस्था भनेकै मोक्ष हो, जसले द्वैतभाव अन्त्य गर्दछ र अद्वैत बोध गराउँछ । यसमा जीव, जगत्, माया, बन्धन, अविद्या, सृष्टि, ब्रह्म र मोक्षजस्ता विषयमा गहन चर्चा गरिएको छ । 'सर्वं ब्रह्ममयं जगत्' अर्थात् व्यवहार भेदमा भ्रान्तिका कारण मिथ्या ज्ञानले गर्दा भेद ज्ञान भएको हो (चालिसे, २०६९, पृ. ३४) । मिथ्या ज्ञानले यो कल्पित जीव-जगत् पृथक् देखिएको तर पारमार्थिक रूपमा यी सबै ब्रह्म नै भएको उल्लेख छ । ब्रह्मज्ञानपश्चात् सबै भ्रान्ति नष्ट हुन्छ र तत्त्वज्ञान प्राप्त हुन्छ । वेदान्त दर्शनमा अद्वैत वेदान्त दर्शन बढी तार्किक एवम् प्रामाणिक मानिएको छ । यसमा आध्यात्मिक गहनता र गहिराइ छ । ब्रह्मको ज्ञान पारमार्थिक दृष्टिकोणले मात्र प्राप्त हुन्छ । अविद्याका कारण विभिन्न प्रकारका भेद प्रतीत भएका हुन् (सांकृत्यायन, सन् १९९२, पृ. ८१६) । डोरीलाई सर्पको भ्रान्ति गरिदिएजस्तै अविद्याले असत्यलाई पनि सत्य र अवास्तविकलाई पनि वास्तविक भान गराइदिन्छ । अद्वैत वेदान्त दर्शनले प्रत्यक्ष, अनुमान, उपमान, शब्द (श्रुति), अर्थापत्ति र अनुपलब्धिलाई प्रमाण मानेको पाइन्छ । अविद्याको निवृत्तिपछि मात्र आत्माको वास्तविक स्वरूप बोध हुने र दुःख निवृत्तिका साथै सांसारिक वस्तुप्रति वैराग्य उत्पन्न हुन्छ भन्ने यसको मान्यता रहेको छ ।

जगत् माया वा भ्रान्ति हो । आत्मज्ञानले अविद्या नाश हुन्छ । 'तत् त्वम् असि' आदि ब्रह्मविद्याद्वारा अविद्याको निवृत्ति भएर सिद्धि प्राप्त हुन्छ (भट्टराई, २०७४, पृ. ९५) । अविद्याका कारण संसारी बनेको, ब्रह्मस्वरूपबाट विस्मृत भएको व्यक्ति ब्रह्मोपदेश प्राप्तिपछि ब्रह्म हुँ भन्ने आत्मबोध हुनाले श्रुति र अनुभूतिका आधारमा जीव र आत्माका बीच ऐक्य भाव स्थापना हुन्छ भन्ने यो दर्शनको सार रहेको छ । ब्रह्म र आत्मा एकै हुन्, यिनीहरू परमतत्त्वका पर्याय हुन् । मायाका कारण जीव-जगत् प्रपञ्चको वास्तविकता बोधपछि नै मोक्ष प्राप्त हुने उल्लेख छ । तत्त्वमा अतत्त्वको भान हुनु विवर्त हो । जुन वस्तु भूत, वर्तमान र भविष्यत् तीनै कालमा रहिरहन्छ, त्यो नै सत्य हो (गिरि, २०५५, पृ. ५५) । शङ्कराचार्यले तीन किसिमका पारमार्थिक, प्रातिभासिक र व्यावहारिक सत्ताको व्याख्या गरेका छन् । जस्तो जगत् व्यावहारिक सत्य हो, जुन इन्द्रियबाट देखिएको छ, यो प्रातिभासिक (स्वप्न) सत्य होइन । ब्रह्म पारमार्थिक सत्य हो जुन इन्द्रियबाट देख्न सकिँदैन । यो त श्रुति र अनुभूतिका आधारमा सिद्धिपश्चात् अनुभूत हुने कुरा हो । यसरी अद्वैत वेदान्त दर्शनमा जीव, जगत्, माया र बन्धन एवम् ब्रह्म र मोक्षका सन्दर्भमा विस्तृत व्याख्या गरिएको छ । यस लेखमा ज्वरशमना प्रकृति कवितामा प्रस्तुत अद्वैत वेदान्त दर्शनको मोक्षसम्बन्धी चिन्तनको विश्लेषण गरिएको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अनुसन्धानात्मक लेख गुणात्मक प्रकृतिको रहेको छ । यस अध्ययनमा पुस्तकालय कार्यमार्फत अध्ययन सामग्री सङ्कलन गरिएको छ । विवेचनीय कविता ज्वरशमना प्रकृति प्राथमिक स्रोतको सामग्री रहेको छ । यसै गरी यस कवितासँग सम्बन्धित लेखहरू र यस अध्ययनका निम्ति उपयोग गरिएका उन्मोचनसँग सम्बन्धित तत्त्वज्ञान र यससँग सम्बन्धित सामग्रीहरू द्वितीयक स्रोत सामग्री रहेका छन् । यस ज्वरशमना प्रकृति कृतिको अध्ययन र विश्लेषणको आधार वैदिक दर्शनलाई बनाइएको छ । यस दर्शनमा पाइने उन्मोचनसँग सम्बन्धित दृष्टिकोणलाई कवितामा प्रस्तुत सन्दर्भलाई साक्ष्य बनाई दृष्टान्तसहित व्याख्यापरक विधिमार्फत विश्लेषण गरिएको छ । यो अनुसन्धानात्मक लेख र यसका सन्दर्भाङ्कन, शीर्षकीकरण, अनुच्छेदविन्यास तथा सम्पादन लगायतका अनुसन्धानात्मक संरचनाहरू एपिए सातौँ संस्करणलाई अनुसरण गरी तयार पारिएको छ ।

## 'ज्वरशमना प्रकृति' कवितामा ज्वरोको निदान र उन्मोचन

'ज्वरशमना प्रकृति' वि.सं. २०१३ सालमा 'इन्द्रेणी' पत्रिकामा प्रकाशित र छ भागमा संरचित झ्याउरे लयमा लेखिएको कविता हो । प्रकृतिपरक यस कवितामा कविले पूर्वीय आध्यात्मिक चेतना र आफ्नो मौलिक कवित्त्व प्रस्तुत गरेका छन् । कवितामा तीन प्रकारका ज्वरोको चर्चा गरिएको छ । प्राकृतिक उष्णता, मानवीय शारीरिक उष्णता र मानवीय अन्तरमनका पीडा र दैन्यरूपी ज्वरोलाई प्रस्तुत गरिएको छ । प्रकृतिलाई उपचारिकाका रूपमा प्रस्तुत गरिएको छ । ग्रीष्मको ज्वरोलाई स्वयम् प्रकृतिले नै वर्षाद्वारा शमन गर्ने, मानवीय शारीरिक ज्वरोलाई औषधीमार्फत निको गर्ने तर मानव जातिलाई सांसारिक विषयमोहले सन्तप्त पारेको आन्तरिक चेतनाको ज्वरोलाई शमन गर्ने धातृका रूपमा प्रकृतिलाई प्रस्तुत गरिएको छ । समाजमा देखिने अन्याय, अत्याचार, शोषण दमन, थिचोमिचो एवम् विकृति र विसङ्गतिजस्ता ज्वरोहरूले मानवीय सभ्यतामाथि नै असर परेको उल्लेख गर्दै कविले आजको मानिस सांसारिक विषयका पछि लागेर दुःख पाएको उल्लेख गरेका छन् । प्रकृतिबाट टाढा भएर मान्छेले आफूलाई कथित सभ्यताको सोपान चढेको तर पारमार्थिक रूपमा सत्यबाट विमुख भएको उल्लेख गरिएको छ । यस सन्दर्भलाई कविले कवितामा यसरी प्रस्तुत गरेका छन् :

> रोगायो मानिस गिरिवनबाट पुगेर सुदूर
> आँखा र कान मुटुले हरे !
> संसार छिनछिन अद्‌भुत छ धेर !
> त्यै सबमा धनी, ली मानव जूनी, जो बस्छ सुनेर ! (त्रिपाठी र अन्य, २०४६, पृ. ११२)

भौतिक उन्नतिका पछि लाग्दा मानवीय जीवन सङ्कटमा परेको र यसबाट उन्मोचन हुन प्रकृतिको काख नै उत्तम विकल्प रहेको विचार प्रस्तुत गरिएको छ । कवितामा कविले मानिस प्रकृतिबाट धेरै टाढा पुगेको र उसका सोचविचार सबै भौतिक विषयमा नै केन्द्रित भएको उल्लेख गरेका छन् । जगत्मा नै सबै सुखका लागि चाहिने कुराहरू छन् भन्ने सोचले यसरी प्रकृतिबाट टाढा भागेको मान्छेको चरित्रलाई प्रस्तुत गरिएको छ । मानिसका ज्ञानेन्द्रियहरू यही सांसारिक विषयमा नै केन्द्रित भएका र उसले जे कुरालाई सुखको आधार मानेर पछि लागेको छ तर झन् त्यसले दुःखी बनाएको छ भन्ने कविको भनाइ छ । मानिस रोगी बन्नुको कारण नै भौतिकवादी जीवन अँगाल्नाले हो भन्दै कविले अज्ञानी मानिस अवास्तविक कुराको

पछि लागेर सांसारिक बन्धनमा परेको उल्लेख गरेका छन् । वास्तवमा मानिस द्वैतबुद्धि भएको देहधारी हो (शर्मा, सन् २०१०, पृ. २५४) । उसमा रहने भेदभावले जगत्मा रहेका मानिसहरूको स्वभाव स्वाभाविक रूपमा भिन्न-भिन्न हुन्छ । मानिसले भौतिक सुखसुविधामा सुख र शान्ति पाइन्छ भनेर विश्वास गर्दछ । यसैको परिणाम मानिस प्रकृतिबाट सुदूर भई भौतिक संसारमा रूमल्लिएको हो । कविले प्रकृतिलाई उपचारिका मान्दै यसलाई अन्तर्यमा पूर्वीय आध्यात्मिक चिन्तन मूल्यबाट पीडामुक्त हुन सकिने विचारमार्फत तत्त्वचिन्तन प्रस्तुत गरेका छन् । कवितामा निदान भएका ज्वरोहरूमध्ये यो तेस्रो ज्वरो सांसारिक ज्वरो हो । कविले कवितामा यसलाई सांसारिक जीवनका कृत्यसँग जोडेर प्रस्तुत गरेका छन् । मानिस भौतिकवादी बन्नाले यो ज्वरो उत्पन्न भएको हो । अद्वैतवादी चिन्तनले सांसारिक विषयप्रतिको आसक्तिका लागि अविद्यालाई मूल कारण मानेको छ । अविद्याले जीवलाई भ्रममा पार्दछ । यही भ्रमले गर्दा मानिस सांसारिक विषयप्रति आसक्त भएको छ । वास्तविक सुख केबाट प्राप्त हुन्छ भन्ने ज्ञान नहुँदा यसरी मानिस भौतिकवादी जीवनप्रति मोहित बने को हो । मानिस स्वस्थ रहनका लागि सांसारिक विषयप्रतिको मोह त्याग्नै पर्दछ । प्रकृति आफैले वर्षाको पानीले ग्रीष्मको ज्वरोलाई निको पारेजस्तै तत्त्वज्ञानले मानिसमा रहेको चेतनाको ज्वरोलाई निको पार्दछ भन्ने यसको आशय रहेको छ । मानिसमा जीवभाव रहँदासम्म मानिस यो मानसिक ज्वरोको शिकार भइरहन्छ । यसले मानिसलाई बन्धनमा पार्दछ । यो बन्धन नै चेतनाको ज्वरो हो । यसबाट मुक्त हुनका लागि कविले प्रकृतिको काखमा जानुपर्ने बताएका छन् ।  प्रकृति भनेको यो देखिएको मूर्त वस्तु होइन । यो त चिन्तनसँग सम्बन्धित विषय हो । जबसम्म मानिस अविद्याबाट ग्रस्त रहन्छ तवसम्म ऊ आध्यात्मिक चिन्तनप्रति उदासिन रहन्छ । आत्मज्ञानविना मानिस भौतिकवादी सोचबाट बाहिर आउन सक्दैन । जुन भ्रम मानिसमा छ त्यसले उसलाई सांसारिक वासनाप्रति मोहित गराउँछ । यही मोहले गर्दा ऊ सांसारिक विषयहरूका पछि लागेको छ । यो मोह मिथ्या हो भन्ने अज्ञानी मानिसले बुझ्न सकेको छैन । कविले यही बुझाउन खोजेका छन् । कविले सबै ज्वरोको उपचार प्रकृतिबाट हुने बताएका छन् । तत्त्वज्ञानले अध्यासको अन्त्य गर्ने र पारमार्थिक सुख के हो भन्ने कुरा थाहा भएपछि मात्रै मानिस प्रकृतिको काखलाई सम्झिन्छ । प्रकृति र जीवनका बीचमा अभेद्य सम्बन्ध छ । यसलाई भेदन गर्नु भनेकै जीवनमा ज्वरोलाई निम्त्याउनु हो । जुन आजको मान्छेले गरिरहेको छ र दुःख पाइरहेको छ । मानिसले आफूलाई चिनेको छैन । यस कुरामा कविले कवितामा तत्त्वज्ञानलाई यसरी सान्दर्भिक बनाएका छन् :

> मानिसको छानो आकाश जान, पहाड दिवार
> मानिसभन्दा ठूलो छ मानिस, मानिसमा विचार । (२०४६, पृ. ११२)

मानिस शरीरधारी हो । मानिसमा पनि पञ्चमहाभूत रहेका हुन्छन् । मानिसले यसैलाई सत्य ठान्दछ । व्यावहारिक रूपमा मात्र यसको अस्तित्ववान् देही भए पनि यसलाई अद्वैत वेदान्त दर्शनले भ्रम मानेको छ (शर्मा, सन् २०१०, पृ. २५३) । मानिसले सांसारिक जीवन भोगाइलाई सत्य मान्दछ र यही भोगिने जीवनलाई नै सत्य मान्दा जीवले दुःख मात्र पाउँछ । पराविद्या विना मानिसले पारमार्थिक सत्य बोध गर्न सक्दैन । अनित्य जीवनको जीवन भोगाइमा तत्त्वबोध नहुँदा जीवहरूमा अनेकपन देखिन्छ । कविले यहाँ मानिसभन्दा ठूलो मानिसमा रहने विचारलाई भनेर परमतत्त्वको सन्दर्भलाई जोडेका छन् । सच्चा मानिसले यसलाई हासिल गरेपछि मात्र मानिसभित्रको मानिस उत्पन्न हुन्छ र सच्चा विचार देखापर्दछ । प्रकृतिमा यही अनन्त चेतनस्रोत छ । यसबाट नै तत्त्वज्ञान प्राप्त गर्न सकिने हुनाले कविले प्रकृतिलाई यस कवितामा

आत्मज्ञानको स्रोतका रूपमा प्रस्तुत गरेको स्पष्ट मान्न सकिन्छ । अद्वैत वेदान्त दर्शनमा अपरोक्ष ज्ञानलाई तत्त्वज्ञान प्राप्त गर्ने मूल आधार मानेको र यसका लागि प्रकृतिको काखको सौम्यताजस्तो अनुकूल स्थान अरू हुन सक्ने देखिँदैन । अतः प्रकृतिको काखबाट मानिसलाई मानसिक तापरापबाट मुक्त गराउन सकिने विचार कविको रहेको देखिन्छ । मानसिक तापराप भनेकै मानिसको अज्ञानात्मक अवस्था हो, जसले मानिसलाई पार मार्थिक यथार्थबाट विमुख गराइदिन्छ ।

सांसारिक विषयवासनाप्रतिको अति आशक्तता र संलग्नताले मानवीय चेतनामा नै दैन्य, क्षुद्रता र उत्पीडन उत्पन्न हुन्छ । तत्त्वज्ञानबाट विमुख रहेको जीवले यसरी भौतिक संसारलाई सर्वस्व ठानेर यसै को उन्नति, वैभव र विकासमा आफ्नो सुख र आनन्द प्राप्ति हुने देख्दछ । यी कुरा त केवल व्यावहारिक सहजताका लागि मात्र उपयोगी छन् । यो आसक्त देहात्मबुद्धिले गर्दा उत्पन्न भएको हो । मानिसले आफूलाई देहात्म-बुद्धिबाट मुक्त पारेपछि मोक्ष प्राप्त हुन्छ (प्रभुपाद, सन् २०१६, पृ. १०) । यो मोक्ष अवस्था भनेको मानसिक ज्वरोबाट मुक्त भएको अवस्था हो । कवि मानिसलाई यही ज्वरोबाट उन्मोचन भएको देख्न चाहन्छन् । यो ज्वरोले मानव सभ्यता तथा विश्व सभ्यतालाई खतरायुक्त बनाएको छ । कविले मानिसलाई उसको दुःख बुझाउन खोजे पनि उसले नबुझेको उल्लेख गरेका छन् :

मानिसलाई दर्शाएँ दुःख, देखायो लाचारी
प्रकृतिलाई देखाउँदा मुस्किन्, माथमा मुरारी । (२०४६, पृ. १११)

अज्ञानी मानिसले व्यावहारिक सत्तालाई सत्य मान्दछ । अज्ञानता रहँदासम्म मानिस अरूले जीवनबोध गराउन खोजे पनि त्ससलाई बुझ्न रूचि राख्दैन । कविले दुःख के हो र यसको कारण बुझ्न खोज्दा उसले लाचारी देखाएको छ । तर प्रकृतिको समीप पुग्दा उनले यसको जवाफ पाएको बताएका छन् । प्रकृतिको शरणमा मात्र विश्व वास्तवमै सभ्य र सुखी बन्न सक्छ । आजको युगको सामाजिक असन्तुलनका पीडामय अवस्था, राजनैतिक एवम् भौतिक असन्तुलनका पीडाजन्य ज्वरोलाई समेत उल्लेख गर्दै कविले यसबाट उन्मोचन हुने उपायको उल्लेख गरेका छन् । ईशावास्योपनिषद्मा विद्याबाट अमृत प्राप्त हुन्छ भनिएको छ (ईशादि नौ उपनिषद्, २०७०, पृ. ५०) । यो परोक्ष (गुरु उपदेश) र अपरोक्ष (आफ्नै अनुभव) ज्ञानबाट प्राप्त हुन्छ । प्रकृति सम्पूर्ण ज्ञानको अजश्र स्रोत हो र व्यक्तिले प्राप्त गरेको यही अपरोक्ष ज्ञानले नै पारमार्थिक सुख प्राप्त गर्दछ र अमन चयन हासिल गर्दछ भनिएको छ । यहाँ प्रकृतिलाई गुरु र त्यसकै समीपमा स्वयम् व्यक्ति अध्ययनमा लागेर ज्ञान हासिल गर्नसक्ने विचार व्यक्त गरिको छ । सुखको मूल आधार के हो मायाका कारण नचिन्दा मान्छे सांसारिक चाहका पछि लाग्दा झन् जीवनलाई ज्वरोको भुङ्ग्रोमा पारिदिएको उल्लेख गरिएको छ । जीवनको वास्तविक धन जुन ब्रह्मज्ञानबाट प्राप्त हुन्छ, त्यसलाई हासिल गर्न नलागी मानिस गलत बाटातिर भौँतारिइरहेको छ र सांसारिक (भौतिक) वस्तुको मोहमा लागेर ज्वरो निम्त्याएको छ । यो ज्वरो कम मात्र होइन यसबाट मुक्त हुन खोज्ने हो भने सांसारिक सुखभोगको अभिलाषा त्याग्नु पर्दछ । यो अभिलाषा त्याग्नका लागि मानिसले तत्त्वज्ञान हासिल गर्नै पर्दछ । अज्ञानले गर्दा मानिसले भौतिक उन्नतिका नाममा ल्याएका परमाणु युगका त्रास, मानवीय अहम् र अस्मिताको रक्षासम्बन्धी समस्याले मानवीय अन्तर पीडाको महाज्वर देखापरेको छ । यो अवस्था तबसम्म मानिसमा व्याप्त हुन्छ जबसम्म उसमा अविद्याचेत र हन्छ । यसबाट मुक्ति हुने उपाय भनेको केवल प्रकृतिकै काख हो अर्थात् आत्मज्ञान नै हासिल गर्नु हो । प्रकृतिको भव्यता र विराट्ताको ममत्वबोध र प्राप्तिपछि मानव आत्मा शमन हुने कुरा कवितामा उल्लेख

छ । दिव्य स्पर्श गरेको प्रकृतिले नै मानिसमा रहेको यो आत्मिक ज्वरोको शमन गर्दछ । दिव्य स्पर्श प्राप्त गरेको हुनाले प्रकृतिलाई उपचारिका भनिएको हो । यो दिव्य स्पर्श भन्नाले दिव्यज्ञानसँग सम्बन्धित विषय हो । आत्मिक ज्वरोको शमन दिव्यज्ञानविना सम्भव हुँदैन । त्यो दिव्यता प्रकृतिमा रहेको कुरा कवितामा उल्लेख छ ।

भौतिक विषयबाट आत्मिक सुख सम्भव हुँदैन । बन्धनको कारण नै सांसारिक मोह हो । जसरी शारीरिक ज्वरोले देहलाई पीडा दिन्छ, त्यसैगरी सांसारिक विषयमोहले मानिसलाई आत्मिक पीडा उत्पन्न गराउँछ । यही आत्मिक पीडा भनेकै आन्तरिक ज्वरो हो । मानिस सांसारिक विषयवस्तुका आडमा आफूलाई सुखरूपी शीतलता दिन खोज्दछ तर उसले किन प्राप्त गर्न सक्दैन भने सुख भनेको आत्मिक कुरा हो जुन मनले अनुभूत गर्दछ । दैहिक अनुभव क्षणिक हो तर आत्मिक पक्ष भनेको सत्य एवम् दिगो रहने कुरा हो । कवितामा भौतिक वैभवका पछि लागेर मानिसले आनन्द प्राप्त गर्न नसकेको कविको भनाइ रहेको छ । यसलाई कविले यसरी प्रस्तुत गरेका छन् :

कुवेरका जुहार एक घरभन्दा आँखाका झलझल,
वर्षाको मलाई एक मुट्ठी मीठो, अमृत सलिल ! (२०४६, पृ. ११०)

कविले यहाँ गरगहनालाई आँखाको क्षणिक तिरमिर भनेका छन् । आँखाका झलमल बनेका यी कुराले मानिसलाई पारमार्थिक सुख दिन नसक्ने विचार व्यक्त गरिएको छ । कुवेरका जुहारभन्दा अमृत सलिल त वर्षाको समयमा प्रकृतिमा मिल्ने भन्दै सांसारिक वैभवता वैभव होइन भनिएको छ । मानिसले यही जुहारप्रति अति मोहभाव राखेको छ । यसको प्राप्तिमा सुखको अनुभूति देखे पनि यो एकछिनको झिलिमिली हो भन्ने कविको भनाइ रहेको छ । मानिसलाई जुहार कति भए पुग्ने हो त्यसको टुङ्गो छैन । नहुँदा पाउन खोज्नु र पाएपछि अरू थपमाथि थप जोड्न खोज्ने मानिसको प्रवृत्तिले उसलाई झन् दुःख हुने कुरा नबुझी त्यसको पछि लाग्नु अज्ञानता हो । ब्रह्मज्ञानबाट अविद्या र यसका कार्यको निवृत्ति हुने कुरा श्वेताश्वतरोपनिषद्मा उल्लेख गरिएको छ (ईशादि नौ उपनिषद्, २०७०, पृ. १२०३) । अज्ञानले मानिस कर्मबन्धनमा पर्दछ र जीवनका अनेकौँ महत्त्वाकाङ्क्षाले मानिस बन्धनमा परेर दुःख पाउँछ । प्राकृतिक स्वभावबाट विमुख हुँदा मानिसले दुःख पाएको छ । यही तत्त्वज्ञान नै मानसिक ज्वरोको उन्मोचनको आधार हो भन्ने यसको आशय रहेको देखिन्छ । भौतिक सम्पन्नताको आडमा सुखको खोजीमा लाग्दा जीव सांसारिक भुङ्ग्रे ज्वरोमा परेको छ । प्रकृतिबाट विछिन्न भई कथित सभ्यताको भऱ्याङ चढेर मानिस झन् विपन्न भएको कवितामा उल्लेख छ :

चून र ईँट संसार होइन, गणित हिसाब
दिवस अन्धा, हृदय गन्धा
निधारमा हाम्रो संसारी ज्वरो, कुत्सित स्वभाव ! (२०४६, पृ. ११२)

मन्द प्रकाशमा डोरी सर्पजस्तै भान हुन्छ र त्रास उत्पन्न गराउँछ । मायाले गर्दा मानिसले अवास्तविकलाई सत्य मान्दा उसले भ्रममा परेर दुःख पाउँछ । डोरीलाई डोरीकै रूपमा नजानेसम्म यो त्रास रहिरहन्छ । बाहिरी आँखाले देखेको कुरालाई सत्य मान्दा मानिस यो भ्रममा परिरहन्छ । अविद्या निवृत्ति नहुँदासम्म मानिसले भ्रमलाई सत्य मानिरहन्छ । मोक्षका लागि ज्ञान बाहेक अरू उपाय नभएको श्वेताश्वतरोपनिषद्मा उल्लेख छ (ईशादि नौ उपनिषद्, २०७०, पृ. १३२१) । आत्मज्ञान नभएर मानिस शुद्ध हुन

सकेको छैन । तत्त्वज्ञान नहुँदा न देखिने उज्यालो नै उज्यालो हुन्छ न मानिसको हृदय नै सफा हुन्छ । दिव्यचेत रहने मस्तकलाई नै अज्ञानताको ज्वरोले आक्रान्त बनाएपछि मानिसमा कुत्सित स्वभाव उत्पन्न हुन्छ । यो नै मानसिक ज्वरो हो । मानवीय अन्तर्पीडाको महाज्वरले मानिस ग्रसित भएको छ । दिव्य स्पर्शयुक्त उपचारिकाबाट नै आत्मज्ञान पाउन सकिन्छ । यसको काखमा नबसेसम्म तत्त्वज्ञान प्राप्त नहुने र मुक्ति नमिल्ने कुरा कवितामा उल्लेख छ । प्रकृतिको काखमा बसेर गरिएको स्वअध्ययन नै ज्ञान प्राप्त गर्ने आधार हो । प्रकृति नै ज्ञानको अजस्र स्रोत भएको र यसबाटै आत्मज्ञान प्राप्त गर्न सकिन्छ । आत्मज्ञानले अलौकिक आनन्द दिन्छ । यही आनन्द नै सांसारिक ज्वरोको शमन अवस्था हो । समाजमा मान्छेहरूमा रहेको लोभानी, पापानी र दम्भभावको कारण नै सांसारिक विषयप्रतिको मोह हो । मानिसमा यो रहँदासम्म मानिस बन्धनमा परिरहन्छ र सांसारिक ज्वरोले आक्रान्त भइरहन्छ । अविद्याले गर्दा मानिस प्रकृतिबाट टाढा भएको छ । सांसारिक दुःखको कारण अध्यास हो । यसले गर्दा मानिस सांसारिक झमेलामा परेको छ । मानिसमा पाइने लोभ, मोह, ईर्ष्या, दम्भ, घमण्ड, अहङ्कार, घृर्णा, रिस, द्वेष, गन्धा हृदय, कुत्सित व्यवहार आदिको कारण अविद्या नै हो । मायाका कारण मानिस अवास्तविक कुरालाई सत्य मान्न पुग्दछ । सार्वभौम सत्यबाट विमुख भएर नै मानिस सांसारिक ज्वरोको शिकार भएको छ । यहाँ प्रकृति भनेर ज्ञान प्राप्त गर्ने आधार भन्न खोजिएको हो । त्यो ज्ञान भनेको तत्त्वज्ञान नै हो । यसबाट विमुख भएकै कारण नै मानिस भौतिक संसारको पछि लागेको हो । सार्वभौम सत्यबाट विमुख भएको कारण नै यही हो । सांसारिक ज्वरोबाट मोचन प्राप्त गर्नका लागि तत्त्वज्ञान आवश्यक छ भन्ने यस कविताको मर्म हो ।

**निष्कर्ष**

प्रस्तुत अध्ययनलाई उन्मोचनसँग सम्बन्धित मान्यताका सापेक्षतामा गुणात्मक पद्धतिमा केन्द्रित रहेर तयार गरिएको छ । पुस्तकालयीय कार्यमार्फत सामग्री सङ्कलन गरिएको र सोद्देश्यमूलक नमुना छनोट विधि अपनाएर विवेच्य कवितामा तीन प्रकारका ज्वरोहरू (प्राकृतिक ज्वरो, दैहिक ज्वरो र मानसिक ज्वरो) को निदान गरिएको छ । प्राकृतिक ज्वरो जुन ग्रीष्मको ताप छ त्यसलाई वर्षाले शमन गरेको छ भने दैहिक ज्वरोलाई औषधीमूलोबाट निको पार्न सकिन्छ भनिएको छ । दैहिक ज्वरोको कारण अविद्या हो । यसको शमन सांसारिक विषयवस्तुबाट नभै आत्मज्ञानबाट मात्र सम्भव छ । तत्त्वज्ञान नहुँदा न मानिसको हृदय सफा हुन्छ न उज्यालो उज्यालो नै देखिन्छ । अध्यासले गर्दा जुहारको क्षणिक झलमलप्रति मोह देखिने र दुःखको कारण पनि मान्छेले बुझ्न सक्दैन । सांसारिक रमझममा रमाउनु र मानिसभन्दा मानिसमा रहने तत्त्वज्ञानात्मक विचार नै महत्त्वपूर्ण हो भन्ने नबुझ्नको कारण नै यही हो । मानिसमा देखिएको आत्मिक महाज्वरोको कारण नै अध्यास हो र यसकै कारण उसले सांसारिक विषयमोहको फन्दामा परेर दुःख पाएको छ । यसबाट उन्मोचन हुनु छ भने दिव्यज्ञान नै चाहिन्छ । त्यसैले दिव्य स्पर्शयुक्त उपचारिका प्रकृति नै ज्ञानको अजस्र स्रोत हो । अपरोक्ष ज्ञानका लागि महत्त्वपूर्ण स्रोत प्रकृति नै भएको र यसैको सामीप्यमा रहेर नै यो मानसिक महाज्वरोबाट उन्मोचन मिल्दछ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

**सन्दर्भ सामग्री**

अन्जना (सन् २००६), *शङ्कर का अद्वैत दर्शन,* परिमल पब्लिकेसन ।

अवस्थी, महादेव (२०६७), *लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यात्मक वैचारिक धरातल, वैचारिक आलोकमा महाकवि देवकोटा* (सम्पा. देवी नेपाल), प्रगतिशील लेखक सङ्घ नेपाल, पृ. १४५-१५५ ।

ईशादि नौ उपनिषद् (२०७०), *शाङ्करभाष्यार्थ* (दशौँ संस्क.), गीताप्रेस ।

उपाध्याय, केशवप्रसाद (२०४९), *साहित्य प्रकाश,* अभिव्यक्ति प्रकाशन ।

गिरि, रामानन्द (२०५५), *जनक दर्शन* (अनु. तिमल्सिना, रामहरि), जनक शिक्षा सामग्री केन्द्र ।

गोयन्दका, हरिकृष्णदास (अनु.), (सन् २००९), *वेदान्त दर्शन* (ब्रह्मसूत्र), गीताप्रेस ।

चापागाई, नरेन्द्र (२०५१), *केही सिद्धान्त : केही विश्लेषण*, पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

चालिसे, नारायण (२०६९), *पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास,* वी.पी. चिन्तन केन्द्र ।

जोशी, कुमारबहादुर (२०३१), *महाकवि देवकोटा र उनका महाकाव्य*, साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५४), *पाश्चात्य साहित्यका प्रमुख वाद,* साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव (२०४६), *नेपाली कविता भाग–४*, साझा प्रकाशन ।

प्रभुपाद, श्री श्रीमद् ए.सी. भक्ति वेदान्त स्वामी (सन् २०१६), *श्रीमद्भगवद्गीता यथारूप*, (अनु. वादरायणदास), भक्तिवेदान्त बुक ट्रस्ट ।

भट्टराई, पद्मप्रसाद (२०७४), *पौरस्त्य दर्शन एक चिनारी,* पुस्तक भण्डार ।

भट्टराई, राजन (२०६६), मुनामदनको सांस्कृतिक अध्ययन, *तन्नेरी,* ३१ (२/३) २८-५१ ।

रिसाल, शिवगोपाल (२०२५), महाकवि देवकोटाका कृतिहरूमा आध्यात्मिक दर्शन, *मर्यादा,* १ (३),१६३-१७६ ।

शर्मा, चन्द्रधर (सन् २०१०),*भारतीय दर्शन आलोचना और अनुशीलन* (द्वितीय संस्क.), मोतीलाल बनारसीदास ।

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम (२०४६), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास*, साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०४८), *नेपाली साहित्यका केही पृष्ठ* (चौथो संस्क.), साझा प्रकाशन ।

सांकृत्यायन, राहुल (सन् १९९२), *दर्शन दिग्दर्शन* (दोस्रो संस्क.), किताब महल ।

सिंह, केदारनाथ र सिंह. शशिभूषण (सन् २०१२), *भारतीय दर्शन,* ज्ञानदा प्रकाशन ।

सिन्हा, हरेन्द्रप्रसाद (सन् १९९६), *भारतीय दर्शन की रूपरेखा* (पञ्चम् सं.), प्रतिभा प्रकाशन ।